नेपाल सरकार
**गृह मन्त्रालय**
# जिल्ला प्रशासन कार्यालय
पाल्पा, तानसेन

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.com
Website: www.daopalpa.moha.gov.np

च. नं : ६१६५
पत्र संख्या : ०७६/७७

मिति :२०७७/०२/३२

**विषय : कार्यालय सञ्चालन सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

श्री स्थानीय तह सबै
पाल्पा ।

प्रस्तुत विषयमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस (Covid-19) को संक्रमणबाट जोगिन सामाजिक दुरी कायम गरी जनस्वास्थ्य र सुरक्षाका तोकिएका मापदण्ड अपनाई मिति २०७७/०३/०१ गते देखि प्रत्येक दिन २ सिफ्टमा सार्वजनिक सेवा प्रवाह र कार्यालय संचालन गर्न लागिएकोले यस जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट जारी सूचना पाना २ यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । तहाँ स्थानीय तहमा बसोबास गर्ने सेवाग्राहीहरुलाई तोकिएको वार र समय बमोजिममात्र सेवा लिनको लागि जानकारी तथा सहजिकरण गरिदिनुहुन अनुरोध छ ।

**बोधार्थ :**
श्री पत्रकार महासंघ, पाल्पा
(आवश्यक सूचना सम्प्रेषण गरि सहयोग गरिदिनुहुन ।)

२०७७।०२।३२
...................
(दुर्गा बन्जाडे)
सहायक प्रमुख जिल्ला अधिकारी
सहायक प्रमूख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
पाल्पा, तानसेन

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.com
Website: www.daopalpa.moha.gov.np
Facebook page: www.facebook.com/daopalpa

च. नं :
पत्र संख्या : ०७६/७७

## जिल्ला प्रशासन कार्यालय पाल्पामा सेवा लिन आउने सेवाग्राही माहनुभावहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने आचारसंहिता

१. कोभिड १९ को संक्रमणको सम्भावित जोखिमलाई ध्यानमा राखी जिल्ला प्रशासन कार्यालय पाल्पाको सम्बन्धित फाँटले विभिन्न सेवाको लागि टोकन उपलब्ध गराइनेछ । उक्त टोकनमा पुन: सम्पर्क गर्नुपर्ने समय उल्लेख गरिएको हुनेछ । सेवाग्राहीले उक्त समयमा अनिवार्य रुपमा उपस्थित भई आफ्नो कागजात लिनु पर्नेछ ।

२. नेपाली नागरिकताको प्रमाणपत्र बनाउन आउँदा नागरिकता बनाउने सम्बन्धित व्यक्ति र निजको सनाखत गर्ने व्यक्तिमात्र र नागरिकताको प्रतिलिपि बनाउनको लागि बनाउने व्यक्ति मात्र आउनुपर्नेछ ।

३. नेपाली राहदानी बनाउनु परेमा MRP फारामका साथ राष्ट्रिय वाणिज्य बैंक (खाता नं. १०००२०००१००००) कार्यालय कोड नं. ३१४९२५००२ मा बुझाएको राजश्व बैंक भौचर सहित तोकिएको समयमा सम्बन्धीत व्यक्तिमात्र उपस्थित हुनुपर्नेछ । साथै राहदानी लिन आउँदा कार्यालयबाट प्रदान गरिएको रसिद तथा सक्कल नागरिकता सहित स्वयम् नागरिक उपस्थित हुनुपर्नेछ ।

४. विभिन्न सिफारिस, प्रमाणित, संघ संस्था दर्ता नविकरण, हातहतियार नवीकरण, उजुरीको हकमा स्वयम् व्यक्तिमात्र उपस्थित हुनुपर्नेछ ।

५. कार्यालयमा जुनसुकै कामको लागि आउनुहुने सेवाग्राही महानुभावहरुले अनिवार्य रुपमा मास्कको प्रयोग गरेको हुनुपर्नेछ । साथै कार्यालय परिसरमा प्रवेश गरेपछी तोकिएको स्थानमा रहेको साबुन पानीले राम्रोसँग हात धोएर मात्र कार्यालयमा प्रवेश गर्नुपर्नेछ भने कार्यालयमा रहँदा समूहमा नभई एक व्यक्तिबाट अर्को व्यक्तिसँग कार्यालयले रेखाङ्कन गरेको चिन्हमा रही सामाजिक दुरी समेत कायम गर्नुपर्नेछ।

६. मुद्दा, संघ संस्था तथा हातहतियार नविकरण कार्य बिहान ११:०० बजे देखि अपरान्ह ४:०० बजेसम्म संचालन हुनेछ ।

७. सवारी पासको लागि कुपन उपलब्ध गराईने छैन । अत्यावश्यक कामको लागि काठमाण्डौ उपत्यका तथा अन्तरजिल्ला जानुपर्ने सेवाग्राहीहरुले यस कार्यालयको Website (http://daopalpa.moha.gov.np) मा मिति २०७७/०२/३२ गतेको सूचनामा उल्लेख गरिएको निवेदनको ढाँचामा सबै विवरण भरी कार्यालयको इमेल ठेगाना daopalpa@gmail.com मा इमेल गर्नुपर्नेछ। सवारी पास तयार भएपश्चात इमेल मार्फत औचित्यताका आधारमा सवारी पास उपलब्ध गराईनेछ।

८. सेवा प्रवाह सम्बन्धी थप जानकारीको लागि प्र.अ. यज्ञश्वर पन्थी (९८५७०६१७५६), प्र.अ. रमा श्रेष्ठ (९८५७०६५५९०) र ना.सु. लक्ष्मण घिमिरे (९८४४७९४०६१) लाई सम्पर्क गर्नसक्नुहुनेछ ।

नोट : सेवा प्रवाहलाई छिटो छरितो र व्यवस्थित बनाउन तत्कालको लागि अत्यावश्यक सिफारिस गरिदिनुहुन र आवश्यक परे यस कार्यालयमा समन्वय गर्नुहुन पाल्पा जिल्लाका सबै स्थानीय तह सहित वडा कार्यालयहरुलाई हार्दिक अनुरोध छ ।

२०७७/०२/३२
दुर्गा बन्जाडे
सहायक प्रमुख जिल्ला अधिकारी
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
**गृह मन्त्रालय**
# जिल्ला प्रशासन कार्यालय
**पाल्पा, तानसेन**

☏ ०७५ { ५२०१२३, ५२०१२४, ५२०१२५
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.com
Website: www.daopalpa.moha.gov.np
Facebook page: www.facebook.com/daopalpa

च. नं :
पत्र संख्या : ०७६/७७

मितिः २०७७/०२/३२

## सार्वजनिक सेवा प्रवाह र कार्यालय संचालन सम्बन्धी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस (Covid-19) को संक्रमणबाट जोगिन सामाजिक दुरी कायम गरी जनस्वास्थ्य र सुरक्षाका तोकिएका मापदण्ड अपनाई सार्वजनिक सेवा प्रवाह गर्न यस जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट मिति २०७७/०३/०१ गते देखि प्रत्येक दिन २ सिफ्टमा स्थानीय तहमा बसोबास गर्ने सेवाग्राहीहरुलाई समय तालिकामा तोकिएको वार र समय बमोजिममात्र सेवा प्रवाह गरिने व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि अनुरोध छ ।

| सि. नं. | कार्यालयबाट प्रदान गरिने सेवा | आईतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|
| १ | नागरिकता (बिहान ८:०० बजे देखि १:०० बजेसम्म) | तानसेन न.पा. मात्र | बगनासकाली गा.पा र रैनादेवी छहरा गा.पा मात्र | माथागढी गा.पा., रम्भा गा.पा. मात्र | तिनाउ गा.पा. र पूर्वखोला गा.पा. मात्र | रिब्दीकोट गा.पा. र निस्दी गा.पा. - ७ (ज्यामीरे) मात्र | उजुरी व्यवस्थापन तथा अन्य कार्य |
| २ | पेन्सन सम्बन्धी कार्य (बिहान ८:०० बजे देखि १:०० बजेसम्म) | तानसेन न.पा. मात्र | बगनासकाली गा.पा र रैनादेवी छहरा गा.पा मात्र | माथागढी गा.पा., रम्भा गा.पा. मात्र | तिनाउ गा.पा. र पूर्वखोला गा.पा. मात्र | रिब्दीकोट गा.पा. र निस्दी गा.पा. - ७ (ज्यामीरे) मात्र | |
| ३ | राहदानी (दिउसो १:०० बजे देखि ६:०० बजेसम्म) | तानसेन न.पा. मात्र | बगनासकाली गा.पा र रैनादेवी छहरा गा.पा मात्र | माथागढी गा.पा., रम्भा गा.पा. मात्र | तिनाउ गा.पा. र पूर्वखोला गा.पा. मात्र | रिब्दीकोट गा.पा. र निस्दी गा.पा. - ७ (ज्यामीरे) मात्र | |
| ४ | नाबालक परिचयपत्र तथा प्रमाणीत, अन्य सिफारीस सम्बन्धी कार्य (दिउसो १:०० बजे देखि ६:०० बजेसम्म) | तानसेन न.पा. मात्र | बगनासकाली गा.पा र रैनादेवी छहरा गा.पा मात्र | माथागढी गा.पा., रम्भा गा.पा. मात्र | तिनाउ गा.पा. र पूर्वखोला गा.पा. मात्र | रिब्दीकोट गा.पा. मात्र | |

नोट : उल्लेखित समय तालिका र सेवा प्रवाहको व्यवस्था आवश्यकता अनुसार परिवर्तन हुनसक्नेछ । सो को जानकारी यसै कार्यालयको सूचना मार्फत गराईनेछ ।

२०७७/०२/३२
सहायक प्रमुख जिल्ला अधिकारी

क्रमश: